# इलाम नगरपालिका

## इलाम नगरपालिकाको राजपत्र

**खण्ड : २ सङ्ख्या : ५ मिति : २०७५/०३/१८**

## भाग –१

## इलाम नगरपालिका

ऐनको नाम : **इलाम नगरपालिका, शिक्षा ऐन, २०७५**

प्रमाणीकरण मिति : २०७५/०३/१७
नगर सभाबाट स्वीकृत मिति : २०७५/०३/०७

**प्रस्तावना :** नेपालको संविधानले तीन तहको सरकार निर्माण गरी स्थानीय तहलाई आधारभुत र माध्यमिक तहसम्मको शिक्षलाई प्रभावकारी ढङ्गले सञ्चालन गरी शिक्षको गुणस्तर बृद्धि गर्ने प्राप्त जिम्मेवारी पूरा गर्न नेपालको संविधानको धारा २२६, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ (१) ले दिएको अधिकार प्रयोग गरी इलाम नगरपालिका, शिक्षा ऐन, २०७५ जारी गरिएको छ ।

### परिच्छेद - १
### संक्षिप्त नाम र परिभाषा

**१. संक्षिप्त नाम र प्रारम्भ :** (१) यो ऐनको नाम "इलाम नगरपालिका, शिक्षा ऐन, २०७५" रहेको छ ।

(२) यो ऐन इलाम नगरपालिका भर लागू हुनेछ ।

(३) यो ऐन नगर सभाबाट स्वीकृत तथा प्रमाणीकरण भई नगरपालिकाको राजपत्रमा प्रकाशन भएपछि प्रारम्भ हुनेछ ।

२. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा :

(क) ***"संघीय ऐन"*** भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ सम्झनु पर्छ ।

(ख) ***"ऐन"*** भन्नाले इलाम नगरपालिका, शिक्षा ऐन, २०७५ सम्झनु पर्छ ।

(ग) ***"कार्यपालिका"*** भन्नाले इलाम नगरपालिका, नगर कार्यपालिकालाई सम्झनु पर्छ ।

(घ) ***"नगरसभा"*** भन्नाले इलाम नगरपालिकाको नगरसभालाई सम्झनु पर्छ ।

(ङ) ***"कोष"*** भन्नाले विद्यालय सञ्चालनका लागि खडा गरिएको सञ्चित कोषलाई सम्झनु पर्छ ।

(च) ***"नगरपालिका"*** भन्नाले इलाम नगरपालिकालाई सम्झनु पर्छ ।

(छ) **"धार्मिक विद्यालय"** भन्नाले परम्परागत रुपमा चलिआएका गोन्पा, गुरुकुल, आश्रम, मदरसा जस्ता धार्मिक विद्यालयहरुलाई जनाउँदछ ।

(ज) ***"निरीक्षक"*** भन्नाले विद्यालय निरीक्षण गर्न तोकिएको अधिकृतलाई सम्झनु पर्छ ।

(झ) ***"परिवार"*** भन्नाले विद्यालय शिक्षक वा कर्मचारीसँग सगोलमा बस्ने तथा निज आफैंले पालनपोषण गर्नु पर्ने पति, पत्नी, छोरा, अविवाहिता छोरी, धर्मपुत्र अविवाहिता धर्मपुत्री, बाबु, आमा वा सौतेनी आमा सम्झनु पर्छ र सो शब्दले पुरुष शिक्षक वा कर्मचारीको हकमा निजको बाजे, बज्यै तथा महिला शिक्षक वा कर्मचारीको हकमा निजको सासू, ससुरालाई समेत जनाउँदछ ।

(ञ) ***"परीक्षा समिति"*** भन्नाले आधारभूत तहको परीक्षा सञ्चालन तथा समन्वय समितिलाई सम्झनु पर्छ ।

(ट) ***"पाठ्यक्रम विकास केन्द्र"*** भन्नाले संघीय ऐन वमोजिम पाठ्यक्रम निर्माणको लागि जिम्मेवार निकायलाई सम्झनु पर्दछ ।

(ठ) ***"प्रधानाध्यापक"*** भन्नाले नियम ५३ बमोजिम नियुक्त विद्यालयको प्रधानाध्यापक सम्झनु पर्छ ।

(ड) ***"प्रमुख"*** भन्नाले इलाम नगरपालिकाको प्रमुखलाई सम्झनु पर्छ ।

(ढ) ***"प्रमुख प्रशासकीय अधिकृत"*** भन्नाले इलाम नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्छ ।

(ण) ***"वडा अध्यक्ष"*** भन्नाले नगरपालिकाको वडाको निर्वाचित वडाध्यक्षलाई सम्झनु पर्छ ।

(त) ***"प्रारम्भिक बाल शिक्षा केन्द्र"*** भन्नाले चार वर्ष उमेर पूरा भई पाँच बर्ष उमेर पूरा नगरेका बालबालिकाको लागि खोलिएको प्रारम्भिक बाल शिक्षा केन्द्र, नर्सरी, केजी, मन्टेश्वरी आदि सम्झनु पर्छ ।

(थ) ***"व्यवस्थापन समिति"*** भन्नाले नियम २८ बमोजिम गठन हुने विद्यालय व्यवस्थापन समिति सम्झनु पर्छ ।

(द) ***"मन्त्रालय"*** भन्नाले नेपाल सरकार, शिक्षा मन्त्रालय सम्झनु पर्छ ।

(ध) ***"शिक्षा अधिकृत"*** भन्नाले नगरपालिकाको शिक्षा शाखाको प्रमुख वा निजले सम्पादन गर्ने कामकाज गर्न तोकिएको कर्मचारीलाई सम्झनु पर्छ ।

(न) ***"शिक्षा शाखा"*** भन्नाले नगरपालिकामा रहेको शिक्षा हेर्ने शाखा वा ईकाईलाई सम्झनु पर्छ ।

(प) **"शिक्षक किताबखाना"** भन्नाले संघीय शिक्षा कानून वमोजिम गठन भएको शिक्षक किताबखाना सम्झनु पर्छ ।

(फ) **"शिक्षक सेवा आयोग"** भन्नाले संघीय कानून वमोजिम गठन भएको शिक्षकहरुको नियुक्ति सिफारिस आदि गर्ने आयोग सम्झनु पर्छ ।

(ब) **"शिक्षा समिति"** भन्नाले नगर कार्यपालिकाले गठन गरेको नगर शिक्षा समितिलाई सम्झनु पर्छ ।

(भ) **"वडा शिक्षा समिति"** भन्नाले नगर कार्यपालिकाले गठन गरेको प्रत्येक वडाको शिक्षा समितिलाई सम्झनु पर्छ ।

(म) **"शुल्क"** भन्नाले विद्यालयले नियम बमोजिम विद्यार्थीसँग लिन पाउने शुल्क सम्झनु पर्छ ।

(य) **"शैक्षिक गुठी"** भन्नाले विद्यालय सञ्चालन गर्नको लागि कुनै व्यक्तिले नाफा नलिने उद्देश्यले स्थापना गरेको सार्वजनिक वा निजी गुठी सम्झनु पर्छ ।

(र) **"शैक्षिक सत्र"** भन्नाले विद्यालयमा अध्ययन अध्यापन गराइने वार्षिक अवधि सम्झनु पर्छ । हालको सन्दर्भमा बैशाख १ गतेदेखि चैत्र मसान्तसम्मको समयलाई जनाउँदछ ।

(ल) **"समुदायद्वारा सञ्चालित विद्यालय"** भन्नाले नेपाल सरकारबाट नियमित रुपमा अनुदान पाउने गरी नियमावली बमोजिम स्वीकृति प्राप्त गरी स्थानीय तह वा व्यवस्थापन समितिले व्यवस्थापन जिम्मा लिएको सामुदायिक विद्यालय सम्झनु पर्छ ।

(व) **"सामुदायिक शिक्षक"** भन्नाले समुदायद्वारा व्यवस्थित विद्यालयमा नेपाल सरकारको अनुदानमा तलब भत्ता नियमितरुपमा पाउने स्वीकृत दरबन्दी अन्तर्गत नियुक्त शिक्षक सम्झनु पर्छ ।

(श) **"सामुदायिक सिकाइ केन्द्र"** भन्नाले समुदाय स्तरमा सञ्चालन गरिने आजीवन सिकाई, अध्ययन अनुसन्धान र सीप सिकाई लगायतका काम गर्ने केन्द्रलाई सम्झनु पर्छ ।

(ष) **"संघीय शिक्षा ऐन"** भन्नाले संघीय संसदले बनाएको शिक्षा ऐनलाई सम्झनु पर्छ ।

(स) **"संस्थागत विद्यालय"** भन्नाले नेपाल सरकारबाट नियमितरुपमा अनुदान नपाउने गरी निजी लगानीमा सञ्चालन गर्ने गरी नियमवाली बमोजिम अनुमति पाई स्थापित विद्यालयलाई सम्झनु पर्छ ।

(ह) **"सहकारी विद्यालय"** भन्नाले सहकारी संस्थाहरुले लगानी गरी स्थापना र सञ्चालनगर्न नियमावली बमोजिम अनुमति पाई स्थापित विद्यालयलाई सम्झनु पर्छ ।

(क्ष) **"स्रोत व्यक्ति"** भन्नाले विद्यालयको माध्यमिक तहको स्थायी शिक्षक पदमा पदाधिकार रहेको विद्यालयहरुको सुपरीवेक्षण र सूचना प्रवाह गर्न करारमा नियुक्ति भएका पदाधिकारीलाई सम्झनुपर्छ ।

(त्र) **"विद्यालय"** भन्नाले सबै विद्यालय विद्यालयलाई सम्झनुपर्छ ।

(ज्ञ) **"पूर्व प्राथमिक विद्यालय"** भन्नाले चार वर्ष उमेर पूरा गरेका बालबालिकालाई एक वर्षको पूर्व प्राथमिक शिक्षा दिने विद्यालय सम्झनु पर्छ ।

(ज्ञ१) **"प्राथमिक शिक्षा"** भन्नाले कक्षा एकदेखि कक्षा पाँचसम्म दिइने शिक्षा सम्झनु पर्छ ।

(ज्ञ२) **"आधारभुत शिक्षा"** भन्नाले प्रारम्भिक बाल शिक्षादेखि कक्षा आठसम्म दिइने शिक्षा सम्झनु पर्छ ।

(ज्ञ३) **"माध्यमिक शिक्षा"** भन्नाले कक्षा नौं देखि कक्षा बाह्रसम्म दिइने शिक्षा सम्झनु पर्छ ।

(ज्ञ४) **"विशेष शिक्षा"** भन्नाले दृष्टि बिहिन, बहिरा, अटिज्म, बौद्धिक अपाङ्गता, सुस्त श्रवण वा अत्ति अशक्त शारीरिक अपाङ्गता भएका बालबालिकालाई छुट्टै समूहमा राखी विशेष प्रकार र निश्चित माध्यमबाट दिइने शिक्षा सम्झनु पर्छ ।

(ज्ञ५) **“समावेशी शिक्षा”** भन्नाले देहाय शिक्षा सम्झनु पर्छ :

(१) दृष्टिबिहिन, न्यून दृष्टियुक्त, बहिरा, सुस्त श्रवण, अटिज्म, बैद्धिक, शारीरिक वा अन्य अपाङ्गता भएका बालबालिकालाई नियमित शैक्षिक पद्धतिको अधिनमा रही दिइने शिक्षा,

(२) सामाजिक, आर्थिक वा भौगोलिक कारणले पछाडि पारिएका व्यक्तिलाई विभेद रहित वातावरणमा दिइने शिक्षा ।

(ज्ञ६) **“आधारभूत विद्यालय”** भन्नाले प्रारम्भिक बाल कक्षादेखि आठ कक्षासम्म पठनपाठन गर्ने विद्यालयलाई सम्झनु पर्छ ।

(ज्ञ७) **“प्राथमिक विद्यालय”** भन्नाले कक्षा एकदेखि कक्षा पाँचसम्म पठनपाठन गर्ने विद्यालयलाई सम्झनु पर्छ ।

(ज्ञ८) **“माध्यमिक विद्यालय”** भन्नाले कक्षा नौंदेखि कक्षा बाह्रसम्म पठनपाठन गर्ने विद्यालयलाई सम्झनु पर्छ ।

(ज्ञ९) **“शिक्षक”** भन्नाले विद्यालयको अध्यापक सम्झनु पर्छ र सो शब्दले प्रधानाध्यापक समेतलाई जनाउँछ ।

(ज्ञ१०) **“अभिभावक”** भन्नाले विद्यालयमा अध्ययनरत विद्यार्थीको अभिभावक भनि विद्यालयको अभिलेखमा जनिएको व्यक्ति सम्झनु पर्छ र सो शब्दले विद्यार्थीको बाबु, आमा, बाजे वा बज्यै र त्यस्ता अभिभावक नभएमा विद्यार्थीको हकमा त्यस्ता विद्यार्थीलाई संरक्षकत्व प्रदान गर्ने व्यक्तिलाई समेत जनाउछ ।

(ज्ञ११) **“कर्मचारी”** भन्नाले सामुदायिक विद्यालयमा कार्यरत शिक्षक बाहेकका अन्य कर्मचारी सम्झनु पर्छ ।

(ज्ञ१२) **“तोकिएको”** वा **“तोकिए बमोजिम”** भन्नाले यस ऐन अन्तरगर्त बनेका नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

(ज्ञ१३) **“अनुमति”** भन्नाले नेपाल सरकारले स्थायी स्वीकृति र सहायता प्रदान गरि नसकेको कुनै तोकिएको ठाँउ वा क्षेत्रमा विद्यालय खोल्न वा कक्षा थप गर्न दिएको अस्थायी स्वीकृतिलाई जनाउँछ ।

(ज्ञ१४) **“स्वीकृति”** भन्नाले तोकिए बमोजिमको शर्तपुरा गरेको विद्यालयलाई नेपाल सरकारले दिइएको स्थायी स्वीकृतिलाई जनाउँछ ।

(ज्ञ१५) **“आवासीय विद्यालय”** भन्नाले नेपाल सरकारबाट आवसीय विद्यालयको रुपमा स्वीकृति प्रदान गरिएको विद्यालयलाई जनाउँछ ।

(ज्ञ१६) **“शैक्षिक गुठी”** भन्नाले विद्यालय सञ्चालन गर्नको लागि कुनै व्यक्तिले नाफा नलिने उद्देश्यले स्थापना गरेको सार्वजनिक वा निजी गुठी सम्झनु पर्छ ।

(ज्ञ१७) **“मन्त्रालय”** भन्नाले संघिय मामिला तथा स्थानीय प्रशासन मन्त्रालयलाई सम्झनु पर्छ ।

(ज्ञ१८) **“स्थायी आवासीय अनुमति”** भन्नाले विदेश मुलुकले कुनै शर्त तोकि वा सो मुलुकमा स्थायी रुपले बसोबास गर्न पाउने गरी नेपाली नागरिकलाई उपलब्ध गराएको डाइभर सिटी, इमिग्रेन्ट भिसा (डि. भि), पर्मानेन्ट रेजिडेन्ट भिसा (पि.आर) वा ग्रीन कार्ड सम्झनु पर्छ र सो शब्दले नेपाली नागरिकलाई विदेशमा स्थायी रुपमा बसोबास गर्न दिइएको जुन सुकै नामको स्थायी आवासीय अनुमतिलाई समेत जनाउँछ ।

(ज्ञ१९) **“दरबन्दी मिलान”** भन्नाले नगरपालिका क्षेत्रभित्रका कार्यरत सामुदायिक विद्यालयको शिक्षक, कर्मचारीलाई समान पदमा सरुवा गर्ने, काजमा काम लागउने, दरबन्दी खारेज तथा थप गर्ने कामलाई सम्झनु पर्छ ।

(ज्ञ२०) **“शिक्षा नियमावली”** भन्नाले इलाम नगरपालिकाको शिक्षा नियमावली, २०७४ लाई सम्झनु पर्छ ।

## परिच्छेद - २

## विद्यालय खोल्ने अनुमति वा स्वीकृति र विद्यालय गाभ्ने सम्बन्धी व्यवस्था

३. **विद्यालय खोल्ने अनुमति वा स्वीकृति** : (१) इलाम नगरपालिका क्षेत्रभित्र सबै प्रकार र तहका विद्यालय खोल्न, सञ्चालन गर्न, कक्षा थप गर्न अनुमति, स्वीकृति दिन नगर शिक्षा समितिको सिफारिसको आधारमा नगर कार्यपालिकाले गर्नेछ ।

(२) नगर कार्यपालिकाले दफा ३ (१) बमोजिम अनुमति तथा स्वीकृति दिँदा विद्यालय खोल्ने प्रक्रिया, विद्यालयले पालना गर्नुपर्ने शर्त तथा बन्देज राख्नु धरौटी लगायतको व्यवस्था नियमावालीमा तोकेबमोजिम हुनेछ ।

४. **विद्यालय गाभ्ने :** तोकिएको विद्यालय सञ्चालनको मापदण्ड बमोजिम दुई वा दुई भन्दा बढी विद्यालयलाई एक आपसमा गाभी विद्यालय सञ्चालन गर्न सकिने छ ।

## परिच्छेद -३

## नगर कार्यपालिका, प्रमुख प्रशासकिय अधिकृत, शिक्षा अधिकृत, स्रोत व्यक्तिको काम, कर्तव्य र अधिकार

५. **नगर कार्यपालिका, प्रमुख प्रशासकिय अधिकृत, शिक्षा अधिकृत तथा स्रोत व्यक्तिको काम, कर्तव्य र अधिकार :** नगर कार्यपालिका, प्रमुख प्रशासकिय अधिकृत, शिक्षा अधिकृत तथा स्रोत व्यक्तिको काम, कर्तव्य र अधिकार इलाम नगरपालिकाको प्रचलनमा रहेको शिक्षा नियमावलीमा तोकिएबमोजिम हुनेछ ।

## परिच्छेद-४

## नगर शिक्षा समिति तथा वडा शिक्षा समितिको काम, कर्तव्य र अधिकार

६. **नगर शिक्षा समितिको काम, कर्तव्य र अधिकार** : (१) इलाम नगरपालिकामा एक इलाम नगरपालिका, नगर शिक्षा समिति रहनेछ ।

(२) नगर शिक्षा समितिको प्रकृया, समितिको संख्या, काम, कर्तव्य र अधिकार साथै बैठक सञ्चालन प्रकृया इलाम नगरपालिका, शिक्षा नियमावलीमा तोके बमोजिम हुनेछ ।

७. **वडा शिक्षा समितिको काम, कर्तव्य र अधिकार :** (१) इलाम नगरपालिकाको प्रत्येक वडामा वडा शिक्षा समिति रहनेछ ।

(२) वडा शिक्षा समितिको गठन प्रकृया, संख्या, काम कर्तव्य र अधिकार इलाम नगरपालिका, शिक्षा नियमावलीमा तोके बमोजिम हुनेछ ।

## परिच्छेद- ५

## विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघ सम्वन्धी व्यवस्था

८. **विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघ सम्वन्धी व्यवस्था :**(१) इलाम नगरपालिका क्षेत्रभित्र सञ्चालन भइरहेका सबै विद्यालयहरुमा एक विद्यालय व्यवस्थापन समिति एक शिक्षक अभिभावक संघ रहनेछ ।

(२) विद्यालय व्यवस्थापन समिति तथा शिक्षक अभिभावक संघको गठन प्रक्रिया, समितिको संख्या, पदाधिकारी सम्बन्धी व्यवस्था, पदावधि, काम, कर्तव्य अधिकार नियमावलीमा तोके बमोजिम हुनेछ ।

(३) विद्यालय व्यवस्थापन समिति तथा शिक्षक अभिभावक संघले सन्तोषजनक कार्य गर्नगराउन नसके नगर कार्यपालिकाले उक्त समिति भङ्ग गरी नयाँ समिति गठन गर्न सक्नेछ ।

## परिच्छेद -६

## पाठ्यक्रम तथा परीक्षा सञ्चालनर समन्वय, प्रारम्भिक बाल शिक्षा

९. **पाठ्यक्रमः** (१) इलाम नगरपालिका क्षेत्रभित्र सञ्चालित सबै तह र प्रकारका विद्यालयमा संघीय तथा प्रदेश सरकारद्वारा स्वीकृत पाठ्यक्र बमोजिम मात्र पठनपाठन गरिनेछ ।

(२) संघीय तथा प्रदेश सरकारले स्वीकृत गरेका पाठ्यक्र बाहेक स्थानीय तहको विशेषता र आवश्यकता हेरि नगर शिक्षा समितिद्वारा स्वीकृत अतिरित्त पाठ्यक्रम पनि पठनपाठन गर्न अनुमति दिन सकिनेछ ।

१०. **परीक्षा सञ्चालनर समन्वय** (१) सबै प्रकारका विद्यालयहरुको आधारभूत तहको परीक्षा सञ्चालत तथा व्यवस्थापन नगरपालिकाले गर्नेछ ।

(२) दफा १० (१) बमोजिम परीक्षा सञ्चालन गर्न प्रमुख प्रशासकीय अधिकृतको अध्यक्षतामा परीक्षा सञ्चालन तथा समन्वय समिति रहनेछ ।

(३) दफा १० (२) बमोजिम रहने परीक्षा सञ्चालन तथा समन्य समितिको गठन प्रक्रिया, संख्या, काम, कर्तव्य र अधिकार प्रचलित इलाम नगरपालिकाको शिक्षा नियमावलीमा तोके बमोजिम हुनेछ ।

११. **प्रारम्भिक बाल शिक्षा** : (१)इलाम नगरपालिका क्षेत्रमा प्रारम्भिक बाल शिक्षा स्थापना गर्ने आवश्यकता स्थापना गर्ने प्रकृया, आवश्यक पूर्वाधार शिक्षा नियमावलीमा तोके बमोजिम हुनेछ ।

(२) दफा ११ (१) बमोजिम स्थापना भई सञ्चालित प्रारम्भिक बाल शिक्षा केन्द्रले स्वीकृत पाठ्यक्रम प्रयोग गर्नु पर्नेछ ।

(३) प्रत्येक सामुदायिक विद्यालयमा प्रारम्भिक बालशिक्षा केन्द्र स्थापना र सञ्चालनको अवधारणा बमोजिम प्रारम्भिक बाल विकास केन्द्र स्थापना र सञ्चालन गर्नुपर्नेछ ।

## परिच्छेद-७

## विद्यार्थी संख्या, भर्ना र कक्षा चढाउने व्यवस्था, विद्यार्थी भर्ना गराउने समय, शैक्षिक सत्र र विद्यालय विदा

१२. **विद्यार्थी संख्या** : (१) सामुदायिक विद्यालको प्रत्येक कक्षामा विद्यार्थी संख्या हाललाई २० जना हुनु पर्नेछ ।

(२) हाल सञ्चालित विद्यालयहरुमा विशेष आवश्यकतालाई हेरी नियमावलीमा तोके बमोजिम गर्नुपर्नेछ ।

(३) विद्यार्थी संख्या र शिक्षक अनुपात बारे नेपाल सरकारले निर्धारण गरेको मापदण्ड नै अन्तिम हुनेछ ।

१३. **विद्यार्थी भर्ना गराउने समय** : (१) नगरपालिका क्षेत्र सञ्चालित विद्यालयहरुमा विद्यार्थी भर्ना सम्बन्धी व्यवस्था, विद्यालय भर्ना नभई अध्ययन नगर्ने व्यक्तिको परीक्षा स्थान्तरण प्रमाणपत्र, स्तरवृद्धिको लागि भर्ना हुन चाहाने विद्यार्थी, वार्षिक परीक्षा नदिई विद्यार्थी कक्षा चढाउने, कक्षा चढाउने अन्य व्यवस्था सम्बन्धी व्यवस्थ गर्ने बारे नियमावलीमा तोके बमोजिम हुनेछ ।

(२) विद्यालयमा भर्ना गर्ने समय र काम गर्ने दिन शिक्षा नियमावलीमा तेके बमोजिम हुनेछ

१४. **शैक्षिक सत्र** : (१) विद्यालयको शैक्षिक शत्र प्रत्येक वर्षको बैशाख १ गतेदेखि प्रारम्भ भई चैत्र मसान्त सम्म कायम हुनेछ ।

(२) दफा १३ (१) जुन सुकै कुरा उल्लेख भएपनि कक्षा ११ र १२ को हकमा शैक्षिक सत्र हरेक सालको साउन महिनाबाट सुरु हुनेछ ।

१५. **विद्यालय विदा :** (१) कुनै पनि विद्यालयले तोकेको बिदा बाहेक विद्यालय बन्द गर्न हुदैन ।

(२) दफा १६ (१) बमोजिमको व्यवस्था उल्लघन गर्ने विद्यालयका शिक्षकलाई गयल गरी अनुशासनको कारबाही गर्न सकिनेछ ।

(३) विद्यालयमा दिइने हिउँदे, वर्षे र अन्य विदा शिक्षा नियमावालीमा तोके बमोजिम हुनेछ ।

## परिच्छेद-८

## प्रधानाध्यापक, शिक्षक र विद्यालय सहयोगी नियुक्ति, दरबन्दी मिलान तथा छनौट समिति तथा सोको काम, कर्तव्य र अधिकार

१६. **प्रधानाध्यापक नियुक्ति** : (१) प्रत्येक विद्यालयमा विद्यालयको शैक्षिक प्रशासनिक नेतृत्व गर्न एक प्रधानाध्यापक नियुक्ति गरिनेछ ।

(२) उपदफा (१) बमोजिम नियुक्ति गरिने प्रधानाध्यापकको योग्यता, पदावधि, सुविधा, काम, कर्तव्य र अधिकार शिक्षा नियामवलीमा तोके बमोजिम हुनेछ ।

१७. **सहायक प्रधानाध्यापक नियुक्ति** : (१) माध्यमिक तहको विद्यालयमा प्रधानाध्यापकलाई सहयोग पुऱ्याउन माध्यमिक तहको शिक्षक मध्ये १ जनालाई विद्यालय व्यवस्थापन समितिले नियुक्त गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम नियुक्त सहायक प्रधानाध्यापकको पदावधि, सुविधा, काम, कर्तव्य र अधिकार विद्यालय व्यवस्थापन समितिले तोकेअनुसार हुनेछ ।

१८. **विद्यालय सहयोगी :** विद्यालयमा स्वीकृत दरबन्दीमा विद्यालय सहयोगी नियुक्त गर्न सकिनेछ ।

१९. **शिक्षक तथा कर्मचारी छनौट समिति :** (१)विद्यालयमा रिक्त शिक्षक, कर्मचारी छनौट गरी नियुक्त गर्न एक "शिक्षक तथा कर्मचारी छनौट" समिति रहेनेछ ।

(२) उपदफा (१) बमोजिम रहने समितिको गठन, संख्या, काम कर्तव्य र अधिकार शिक्षा नियमावलीमा तोके बमोजिम हुनेछ ।

२०. **छनौट समिति तथा काम, कर्तव्य र अधिकार :** (१) स्वीकृत दरबन्दीमा करार शिक्षक नियुक्ति गर्न सकिनेछ ।

(२) उपदफा (१) बमोजिम करारमा शिक्षक नियुक्ति गर्ने प्रकृया शिक्षा नियमावलीमा तोके बमोजिम हुनेछ ।

२१. **शिक्षकको दरबन्दी मिलान :** (१) इलाम नगरपालिकाको कार्यालयले आफ्नो क्षेत्रभित्र स्वीकृत दरबन्दीमा कार्यरत शिक्षक तथा कर्मचारीलाई समान पदमा दरबन्दी मिलान, सरुवा, काजमा काम लगाउने दरबन्दी थप घट गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम कार्य गर्दा शिक्षा नियमावलीमा तोकिएको व्यवस्था बमोजिम गरिनेछ ।

(३) कुनै पनि शिक्षक कर्मचारीलाई दरबन्दी नभएको पदमा सरुवा वा दरबन्दी मिलान गर्न पाइने छैन ।

## परिच्छेद-९

## छात्रवृत्ति, निःशुल्क शिक्षा र अनिवार्यरुपमा बालबालिकालाई विद्यालय पठाउनु पर्ने

२२. **छात्रवृत्ति र निःशुल्क शिक्षा :** (१) संस्थागत विद्यालयले शिक्षा नियमावलीमा तोकेको मापदण्ड र प्रकृयाबाट अनिवार्यरुपमा छात्रवृत्ति तथा निःशुल्क पढ्ने सुविधा उपलब्ध गराउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम छात्रवृति तथा निःशुल्क शिक्षा उपलब्ध नगराउने संस्थागत विद्यालयलाई तोकिएअनुसारको कारबाही हुनेछ ।

(३) संस्थागत विद्यालयले कक्षा १० सम्मको शिक्षा निःशुल्क उपलब्ध गराउनु पर्नेछ ।

२३. **अनिवार्यरुपमा बालबालिकालाई विद्यालय पठाउनु पन** : (१) नगरपालिका क्षेत्रभित्रका ५ वर्ष उमेर पुगेका बालबालिकालाई आधारभूत शिक्षाको लागि अनिवार्य विद्यालय पठाउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको व्यवस्था विपरीत बालबालिकालाई विद्यालय नपठाउने अभिभावक पहिचान गरी नगरपालिकाले प्रवाह गर्ने सुविधा आंशिक वा पूरै समेत रोक्का गर्न सक्नेछ ।

(३) उपदफा (१) र (२) बाहेक अन्य व्यवस्था तोके बमोजिम हुनेछ ।

## परिच्छेद- १०

## शिक्षक कर्मचारीको विदा तथा काज सम्बन्धीको व्यवस्था

२४. **शिक्षक कर्मचारीको विदा** : (१) शिक्षक कर्मचारीले पाउने विदा अधिकार नभई सहुलियत मात्र हुनेछ ।

(२) शिक्षक कर्मचारीले पाउने सबै प्रकारको विदा नेपाल सरकार र शिक्षा नियमावलीमा तोकिएबमोजिम मात्र हुनेछ ।

(३) शिक्षक कर्मचारीले पाउने विदाको विवरण, सेवाभित्र पाउने विदा, सञ्चित हुने, नहुने विदा, विदा स्वीकृत गर्नुपर्ने व्यवस्था शिक्षा नियमावलीमा उल्लेख भए बमोजिम हुनेछ ।

२५. **काज** : कुनै कार्यरत शिक्षक कर्मचारीलाई विद्यालयको कामको सन्दर्भमा विद्यालय तथा नगर कायपालिकको कार्यालयाले काजमा खटाउन सक्नेछ ।

## परिच्छेद-११

## विद्यालयको चिन्ह, नामाकरण तथा अन्य व्यवस्था

२६. **विद्यालयको चिन्ह** : विद्यालयको चिन्ह सटकोण हुनेछ । प्रत्येक विद्यालयको व्यवस्थापन समितिले निर्णय गरी सठकोणको बिचमा आफ्नो-आफ्नो विद्यालयको छुट्टै चिन्ह राख्न सक्नेछ ।

२७. **विद्यालयको नामाकरण** : विद्यालयको नामारण गर्ने प्राथमिकता र प्रकृया शिक्षा नियमावलीमा भएको व्यवस्था बमोजिम हुनेछ ।

## परिच्छेद-१२

## विद्यालयको सम्पति संरक्षण र अनुदान सम्बन्धी व्यवस्था

२८. **विद्यालयको सम्पति संरक्षण** : (१) विद्यालयको नाममा रहेको चल अचल सम्पत्तिको सुरक्षा, संरक्षण र उचित परिचालन गर्ने प्रमुख दायित्व व्यवस्थापन समिति र प्रधानाध्यापकको हुनेछ । यस्तो कार्यमा सहयोग गर्नु सबै शिक्षक तथा कर्मचारीको कर्तव्य हुनेछ ।

(२) विद्यालयको चल अचल सम्पत्तिको सुरक्षा, संरक्षण र उचित परिचालन गर्ने दायित्व कार्यरत शिक्षक कर्मचारीको समेत हुनेछ ।

(३) विद्यालयको चल अचल सम्पत्तिको सुरक्षा, संरक्षण र उचित परिचालन गर्ने व्यवस्थाको नियमावलीमा तोके बमोजिम हुनेछ ।

२९. **अनुदान सम्बन्धी व्यवस्था** : (१) सामुदायिक विद्यालयलाई नेपाल सरकार, प्रदेश सरकार तथा नगरपालिकाले वार्षिक कार्यक्रम स्वीकृत गरी अनुदान उपलब्ध गराउनेछ ।

(२) विद्यालयले प्राप्त गरेको अनुदान तोकिएको कार्यक्रममा मात्र खर्च गर्नुपर्नेछ ।

(३) विद्यालयको विकास र शैक्षिक उन्नयनको लागि विद्यालय व्यवस्थापन समितिले निर्णय गरी स्थानीय स्रोतबाट समेत व्यवस्थापन गर्न सक्नेछ ।

## परिच्छेद-१३

## विद्यालयको बजेट, आय/व्यय लेखा तथा अन्य व्यवस्था

३०. **विद्यालयको बजेट, आय/व्यय** : (१) विद्यालयको जम्मा गर्ने एक कोष हुनेछ । विद्यालयमा प्राप्त भएको सबै प्रकारको रकम विद्यालयको कोषमा जम्मा गरेर मात्र खर्च गर्नु पर्नेछ ।

(२) विद्यालयले प्रत्येक आर्थिक वर्ष शुरु हुनुभन्दा १५ दिन अघाबै विद्यालय व्यवस्थापन समितिबाट आगामी आर्थिक वर्षको लागि बजेट तथा कार्यक्रम स्वीकृत गरेर मात्र काम गर्नुपर्नेछ ।

३१. **विद्यालयको  लेखा तथा अन्य व्यवस्था** : विद्यालयको कोषको खाता सञ्चालन, लेखा प्रणाली, बजेट तयार गर्ने, लेखा परीक्षण, प्रतिवेदन पेश गर्ने, विद्यालयको कामको सामाजिक परिक्षण, बरबुझारथ सम्बन्धी शिक्षा नियमावली बमोजिम हुनेछ ।

## परिच्छेद १४

## विविध

३२. **अतिरिक्त क्रियाकलाप :** (१) विद्यालयमा अतिरिक्त क्रियाकलाप शैक्षिक क्रियाकलापको अंग मानी विद्यालयले तालिका बमोजिम गराउनु पर्नेछ ।

(२) अतिरित्त क्रियाकलाप सञ्चालनगर्ने व्यवस्था नियमावली बमोजिम हुनेछ ।

३३. **आचार संहिता** : विद्यालय र शैक्षिक गतिविधिको सन्दर्भमा नगर कार्यपालिकार वडा समितिका पदाधिकारीहरु तथा विद्यालयमा कार्यरत शिक्षक तथा कर्मचारी र विद्यार्थीले पालना गर्नुपर्ने आचार संहिता शिक्षा नियमावली बमोजिम हुनेछ ।

३४. **अनुमति नलिई अन्य कार्य गर्न नपाइने :** (१) विद्यालय शिक्षक तथा कर्मचारीले नगर शिक्षा समिति तथा नगर कार्यपालिकाको पूर्व अनुमति वा स्वीकृति नलिई कुनै व्यक्ति, संघ संस्था, कम्पनीको परामर्श सेवा, ब्रीज कोर्ष, भाषा शिक्षण कक्षा, ट्युसन कक्षा, पूर्व तयारी कक्षा सञ्चालन गर्न पाइने छैन ।

(२) दफा ३५ (१) बमोजिमको व्यवस्था उल्लङ्घन गर्नेलाई तत्काल कारबाही गरी संचालन गरिरहेको कोर्ष बन्द गरिनेछ र नगरपालिकाको निर्णय बमोजिम दण्ड जरिवाना समेत गर्न हुनेछ ।

(३) शैक्षिक परामर्श सेवा, विदेशी शैक्षिक कार्यक्रम शिक्षण कोर्ष, ट्युसन सेन्टर सञ्चालनगर्ने अनुमति दिने व्यवस्था शिक्षा नियमावली बमोजिम हुनेछ ।

३५. **नियमावली बनाउन सकिने :** यस ऐनमा भएको व्यवस्था कार्यान्वयन गर्न इलाम नगर कार्यपालिकाले नियमावली, निर्देशिका वा मापदण्ड वा कार्यविधि बनाउन सक्नेछ । यस अघि कार्यपालिकाबाट स्वीकृत भई प्रचलनमा रहेको नियमाली यसै अनुसार भएको मानिनेछ ।

३६. **बचाऊ तथा स्वतः खारेज :** नेपाल सरकारद्वारा जारी शिक्षा ऐन, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, शिक्षा नियमावली, २०५९ र इलाम नगरपालिकाको निर्णय तथा नियमावली बमोजिम भए गरेका कामहरु यसै ऐन बमोजिम भए गरेको मानिनेछ र यस ऐनको प्रतिकूल व्यवस्था स्वतः खारेज हुनेछ ।